# जीवन बीमालेख अन्तर्गत ऋण लिंदा विशेष ध्यान दिनु पर्ने कुराहरु

१. ३ वर्षको पुरा बीमाशुल्क भुक्तानी भइ बीमा जारी मितिबाट ३ वर्ष पुरा भए पश्चात मात्र बीमालेख अन्तर्गत ऋण लिन सकिनेछ।

२. ऋणको सुरक्षणको लागि बीमालेख कम्पनीमा धितोको रुपमा रहने छ।

३. ऋण रकमा बीमालेखको नगद मूल्य (समर्पण रकम) को अधिकतम ९० प्रतिसत सम्म लिन सकिने छ।

४. ऋणमा वार्षिक १० प्रतिशतको दरमा ब्याज लागुहुनेछ। बीमा कम्पनीले समय समयमा ब्याज दरमा परिवर्तन गर्न सक्नेछ र यसरी परिवर्तित ब्याज दर त्यसपछिको ब्याज भुक्तानी मितिदेखि मात्र लागु हुनेछ।

५. ब्याज रकम प्रत्येक वर्षको पौष मसान्त र आषाढ मसान्त सम्ममा भुक्तानी गर्नु पर्ने हुन्छ।

६. पौष मसान्त वा आषाढ मसान्त भित्र ब्याज भुक्तानी नगरेमा ब्याज रकम साँवामा गाभिने छ र त्यस पछि गाभिएको साँवा रकममा थप ब्याज लाग्ने छ।

७. बीमालेख अन्तर्गत प्रदान गरेको ऋणको साँवा तथा ब्याज जोड्दा हुने रकम बीमालेख अन्तर्गतको समर्पण मुल्य बराबर वा सो भन्दा बढी भएमा बीमालेख जफत गरी बीमालेखको समर्पण रकम वाट साँवा तथा ब्याज असुल उपर गरी कुनै रकम बाँकि भएमा बीमित वा निजको हकवालालाई सो रकम भुक्तानी दिइने छ। जफत गरिएको बीमालेखमा कुनै जोखिम बहन हुने छैन।

८. बीमालेख अन्तर्गत प्रदान गरेको ऋणको साँवा तथा ब्याज पुर्ण वा आंशिक भुक्तानी नहुँदै बीमालेखको शर्त अनुसार कुनै दावी वा बीमालेख अनुसार आंशिक/पुर्ण अवधि समाप्ती दावी वा बीमालेख समर्पण दावी भुक्तानी गर्नु पर्ने भएमा सो दावी रकम मध्ये बीमितबाट असुल हुन बाँकी ऋण र सो को ब्याज कट्टा गरी बाँकी रकम मात्र बीमालेख अन्तर्गत भुक्तानी गरिने छ।

९. बीमालेख अन्तर्गत लिइएको ऋण रकम तथा भुक्तानी गर्नुपर्ने ब्याज रकम बारे विस्तृत जानकारी सूर्यज्योति लाइफको मोबाइल एपमार्फत सजिलै प्राप्त गर्न सक्नुहुनेछ। मोबाइल एपमा रजिस्टर/ लगइन गर्न तपाँईंको मोबाइल नम्बर कम्पनीमा रहेको नम्बर सँग मिलेको हुनुपर्दछ।

सुर्यज्याति लाइफको मोबाइल एप **Download** गर्न यहाँ Click गर्न सकिनेछ।

१०. बीमालेख अन्तर्गत लिइएको ऋणको व्याज वा साँवा **Khalti, eSewa, FonePay, Connect IPS, NIC Asia MoBank** जस्ता डिजिटल माध्यामहरु प्रयोग गरि सजिलै भुक्तानी/ फिर्ता गर्न सकिनेछ।


**सूर्यज्योति लाइफ इन्स्योरेन्स कम्पनी लि.**
शान्ता प्लाजा, दोस्रो तल्ला, ज्ञानेश्वर, काठमाण्डौ
पोष्ट बक्स नं. १९४३३, फोन नं. ०१-४५४५९४१
ईमेल: info@suryajyotilife.com
वेबसाईट: www.suryajyotilife.com